# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## स्वास्थ्य शाखा

<u>औषधि तथा सर्जिकल सरसामान खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना</u>

प्रथम पटक प्रकाशित मिति :- २०७६/११/०६

सुचना न. :- ०१(स्वास्थ्य)

कटारी नगरपालिका अन्तर्गत अस्पताल तथा स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहीहरुको लागि आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न तथा निशुल्क सेवा दिन आ.ब.२०७६/७७ को लागी आवश्यक पर्ने औषधिहरु तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकाले सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ईजाजत प्राप्त फर्म, वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र , कर चुक्ताको प्रमाणित प्रतिलिपी औषधी व्यवसायी प्रमाणपत्रहरु नोटरी क्लवबाट प्रमाणीत गराई निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ। यो सूचना यस कार्यालयको वेव **http://www.katarimun.gov.np** मा पनि हेर्न सकिनेछ।

१. शिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं (पन्ध्र ) दिनसम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।- नगद दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ। कार्यालयबाट खरिद भएका शिलबन्दी दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम कबोल अंकको ५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ। कागजातहरु पेश नगरेको दरभाउपत्र दाताहरुको दरभाउपत्र उपर कुनै कार्यबाही हुने छैन।

३. खरिद हुने औषधिको म्यादको सम्बन्धमा दरभाउपत्रको specification मा उल्लेख भए अनुसार हुनु पर्ने छ। specification मा उल्लेख नभएको औषधिको म्याद उक्त औषधिहरुको manufacturing date बाट expiry date कम्तीमा ८० प्रतिशत बाँकी हुदां स्टोरमा दाखिला हुनु पर्नेछ। सो भन्दा घटि म्याद भएका औषधि तथा अन्य सामानहरु बुझिलिइने छैन। टुटफुट तथा प्राविधिक समस्या भएका कुनै पनि औषधीहरु समेत बुझिलिइने छैन।

४.स्वीकृत फर्म,कम्पनीले सम्झौता अगावै आफ्ले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कटारीमा रहेको धरौटी खाता नं. २०५०३०३००७१०२ मा जम्मा गरेको सक्कलै भौचर वा कम्तीमा ९० दिन म्याद भएको मान्यता प्राप्त बैंक बाट यस न.पा को नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

५. आफुले सप्लाई गर्ने औषधीहरुको अधिकार पत्र (Aurthority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादक बाट र बिदेशि कम्पनी भए Nationnal Suppliers बाट लिई पेश गर्नु पर्नेछ।

६. औषधीहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम परिमाण सम्झौता भए पश्चात यस कार्यालयको स्टोरमा दरभाउपत्रदाताले आफ्नै तर्फबाट ढुवानी गरि बुझाउनु पर्नेछ। सम्झौता बमोजिमका सामानहरु सम्झौतामा उल्लेख भएको अवधि भित्र सप्लाई गरि सक्नु पर्नेछ।

७. दरभाउपत्रदाताले आफुले पेश गरेको दरभाउपत्रको शिलबन्दी खाम बाहिर दरभाउपत्र खरिद गरेको कार्यालयको नाम तथा औषधि तथा सर्जिकल सामान खरिद गर्ने सम्बन्धि शिलबन्दी दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ । साथै उक्त शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताले आफ्नो नाम ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्नेछ ।

८. दरभाउपत्रदाताले दरभाउपत्र फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरि फर्म वा कम्पनीको छाप समेत लगाउनु पर्नेछ । यसो नगरेको दरभाउपत्रलाई रित नपुगेको मानिने छ ।

९. औषधीको strip/blister packing मा नेपाल सरकारबाट निःशुल्क वितरणको लागी भनि अनिवार्य छाँप लगाइएको हुनु पर्नेछ ।

१०. ठेक्का सम्झौता बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरि बिचमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का तोड्न सकिनेछ । सम्झौताको म्याद भित्र यस कार्यालयले तोकेको स्टोरमा औषधी दाखिला गर्न नसकेको खण्डमा प्रचलित आर्थिक नियमानुसार कारबाही हुनेछ ।

११. सप्लाई हुने औषधी तथा अन्य सामानहरुको प्रत्येकको प्याकिङ्गको बाहिर production date,expiry date र batch no. उल्लेख भएको हुनुपर्नेछ ।

१२. औषधीको हकमा WHO,GMP प्रमाणित र सामग्रिहरुको हकमा ISO मापदण्ड प्राप्त कम्पनीहरुको हुनु पर्नेछ ।

१३. दररेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१४.एक फर्मको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

१५. प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधी तथा अन्य सामानहरुको सूचि एवं परिमाण थपघट समेत हुन सक्ने र यसरी थपघट भएता पनि दरभाउपत्रदाताले कबोल गरेको दरमा उपलब्ध गराउनु पर्नेछ ।

१६. शिलबन्दी दरभाउपत्र मूल्यांकन तथा स्वीकृतीको निर्णय आईटमवाइज दररेट वा एकमुष्ट दररेटमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

१७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपसिल :-

| क.सं. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कटारी नगरपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरुकोलागी औषधि खरिद | १,५००,०००/- | ४५०००/- | मु.अ.कर सहित |

प्रमुख प्रशासकीय अधिकृत